नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय

सामान लिलामको शिलबन्दी बोलपत्र आह्वानको (सूचना)

(प्रथम पटक प्रकाशित मितिः-२०७६।०५।१५गते

यस कार्यालयका देहाय बमोजिमका सामानहरु जे जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्म/ कम्पनीहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र बोलपत्र फारम खरिद गरी १६ औं दिन दिउसो १२:३० बजे भित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) शिलवन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

| *लिलाम हुने सामान* | *न्यूनतम मूल्य रु.(मू.अ.कर समेत)* |
|---|---|
| (क) पूंजीगत सामानहरु -लिस्ट अनुसार | ३७,९६८।०० |
| (ख) अन्य फुटकर सामानहरु -लिस्ट अनुसार | ८४,६५३।९५ |
| **जम्मा रु.** | **१,२२,६२१।९५** |

(१) लिलाम शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मितिः

(क) स्थानः **नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालय ।**

(ख) समयः **दिउँसो २:०० बजे ।**

(ग) मितिः **२०७६/०५/३० गते सोमबार ।**

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाव नं. **२१०९९९-०११-००२-५२४** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) माथि तालिकामा रहेका शिर्षक (क) र (ख) का लागि एउटै बोलपत्र पेश गर्नु पर्नेछ । लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले ३ दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) पूंजीगत र अन्य फुटकर सामानको बोलपत्र फारम रु.५००।०० (फिर्ता नहुने गरी) बुझाई कार्यालयको आ.प्र. (स्टोर फाँट) बाट खरिद गर्न सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समयभित्र विहान १०:०० बजे देखि दिनको ३:०० बजेसम्म यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । समानहरुको लिस्ट यस बैंकको सूचना पाटीमा टाँस गरिएको छ ।

(६) लिलाममा भाग लिन इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र नविकरण गरिएको,स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) अन्य कुरा बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुने छ ।

(८) बोलपत्र सम्बन्धी सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिने छ ।

निर्देशक<br>
नेपाल राष्ट्र बैंक,<br>
नेपालगञ्ज कार्यालय